मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# शिक्षा, युवा तथा खेलकुद शाखा

फोनः-०४८-५४०११२

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

प.सं.:-०७९/८०

च.नं.:- ४०१२

मिति : २०८०।०१।१३

**विषय : प्रस्ताव पत्र पेश गर्ने सम्बन्धमा ।**

श्री मन्थली नगरपालिकामा रहेका विद्यालयमा कार्यरत

सम्पूर्ण शिक्षकहरु

मन्थली नगरपालिका, रामेछाप ।

प्रस्तुत विषयमा यस नगरपालिकामा संचालित विद्यालयहरुको शैक्षिक तथा प्रशासनिक व्यवस्थालाई व्यवस्थित गर्न प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी कार्यविधि- २०७९ स्वीकृत भई हाल कार्यान्वयनमा रहेको व्यहोरा सबैमा विदितै छ । कार्यविधिमा भएको व्यवस्था बमोजिम प्रधानाध्यापकमा नियुक्त हुने चाहने निम्न योग्यता र सेवा अवधि पुगेका शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र प्रधानाध्यापकको जिम्मेवारी वहन गर्न चाहेको बढीमा तीन वटा विद्यालयको नाम उल्लेख गरी विद्यालय विकास प्रस्ताव पेश गर्नु हुन अनुरोध छ ।

१. माध्यमिक तहको विद्यालयको लागि : (१-१०/१-१२)
   - माध्यमिक तहको स्थायी, करार तथा राहतमा नियुक्त भई कम्तिमा १ वर्ष ( महिलाको हकमा ६ महिना ) पुरा भएको तथा शिक्षाशास्त्रमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको ।
   - स्थायी, करार वा राहतमा ५ वर्षभन्दा बढी सेवा गरेका माध्यमिक तहका शिक्षकहरुले शिक्षाशास्त्र विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको भए पनि प्रस्ताव पेश गर्न सक्नेछन् ।
   - न्यूनतम सेवा अवधि एक वर्षभन्दा कम भएका शिक्षकहरुले यो प्रस्ताव पेश गर्न सक्ने छैनन् ।

२. आधारभूत तह ( कक्षा १-८ ) को विद्यालयको लागि :
   - निम्न माध्यमिक तहको स्थायी, करार तथा राहतमा नियुक्त भई कम्तिमा १ वर्ष ( महिलाको हकमा ६ महिना ) पुरा भएको तथा शिक्षाशास्त्रमा स्नातक वा सोसरह उत्तीर्ण गरेको ।
   - स्थायी, करार वा राहतमा ५ वर्षभन्दा बढी सेवा गरेका निम्न माध्यमिक तहका शिक्षकहरुले शिक्षाशास्त्र विषयमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ वा सोसरह उत्तीर्ण गरेको भए पनि प्रस्ताव पेश गर्न सक्नेछन् ।
   - न्यूनतम सेवा अवधि एक वर्षभन्दा कम भएका शिक्षकहरुले यो प्रस्ताव पेश गर्न सक्ने छैनन् ।

३. आधारभूत तह ( कक्षा १-३/१-५ ) को विद्यालयको लागि :
   - प्राथमिक तहको स्थायी, करार तथा राहतमा नियुक्त भई कम्तिमा १ वर्ष ( महिलाको हकमा ६ महिना ) पुरा भएको तथा शिक्षाशास्त्रमा प्रविणता प्रमाणपत्र वा सोसरह उत्तीर्ण गरेको ।
   - स्थायी, करार वा राहतमा ५ वर्षभन्दा बढी सेवा गरेका प्राथमिक तहका शिक्षकहरुले प्रस्ताव पेश गर्न सक्नेछन् ।
   - न्यूनतम सेवा अवधि एक वर्षभन्दा कम भएका शिक्षकहरुले प्रस्ताव पेश गर्न सक्ने छैनन् ।

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
फोनः-०४८-५४०११२
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

प.सं.:-०७९/८०
च.नं.:- ४०१२

४. प्रस्ताव पेश गर्न चाहने शिक्षकले आफु प्रधानाध्यापक बनेर जान चाहेको विद्यलायको छुट्टा छुट्टै विद्यालय विकास प्रस्ताव पेश गर्नु पर्नेछ ।

**मन्थली नगरपालिकाद्वारा जारी प्रधानाध्यापक व्यवस्थापन कार्यविधि २०७९ को अनुसूची १ मा उल्लेखित विद्यालय विकास प्रस्तावको खाका**

१. विद्यालयको परिचय
२. दूरदृष्टि, लक्ष्य, उद्देश्य
३. विद्यालयको विद्यमान अवस्था (निम्न सूचनामा आधारित भई विश्लेषण गर्ने)
   क. सेवा क्षेत्रको जनसंख्या
   ख. विद्यालयको भौतिक अवस्था
   ग. विद्यालयको शैक्षिक अवस्था
   घ. विद्यालयको आर्थिक अवस्था
   ङ. विद्यालय समुदाय सम्बन्ध
४. प्रस्तावित अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना (रणनीति तथा कार्यनीति सहित)
   क. शैक्षिक
   ख. भौतिक
   ग. आर्थिक
   घ. व्यवस्थापकीय
   ङ. समन्वय र सहकार्य
५. वार्षिक कार्यान्वयन योजना (आर्थिक व्ययभार पर्ने र नपर्ने क्रियाकलापहरु समावेश गरी कार्ययोजना प्रस्तुत गर्नु पर्नेछ ।)
६. संस्थागत क्षमता विकास
   क. जनशक्ति विकास
   ख. भौतिक संरचना विकास

२०८०।०१।१२
..................
सौभाग्य न्यौपाने
शिक्षा अधिकृत

२०८०।०१।१२
..................
हरिप्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत